नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
पोखरा, कास्की

2066 असोज 6 गतेको समाचार राष्ट्रिय दैनिकमा प्रकाशित

मिति:२०७७/०६/०७

विषय: कार्यक्रम माग सम्बन्धमा

आ.व. २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रदेश समन्वय इकाई,कास्की अन्तर्गत तपसीलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले पोखरा महानगरपालिका क्षेत्र तथा आसपासका क्षेत्रका आ.व.२०७३/७४ देखि २०७६/७७ सम्म यस कार्यान्वयन इकाईमा सुचिकृत भईसकेका व्यवसायिक तरकारी खेती गर्ने इच्छुक कृषक समूह/सहकारी/संस्था/समिति र कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०७७ साल कार्तिक ६ गते भित्र) यस कार्यान्वयन इकाईमा तोकिएको ढाँचा अनुसार निवेदन दर्ता गर्नुहुन र सुचिकृत हुन छुटेका कृषक समूह/सहकारी/संस्था/समिति र कृषि उद्यमीहरुले अनिवार्य रुपमा यस कार्यालयमा सुचिकृत भई सोहि अवधिभित्र (२०७७/०७/०६ सम्म) कार्यक्रम माग गर्नका लागि निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल:

१. तरकारी सुपरजोनको कार्यक्षेत्र: पोखरा महानगरपालिकाका सबै वडाहरु
२. कार्यक्रमहरु:

| क्र.सं. | कार्यक्रमहरुको नाम | लक्ष्य | बजेट(रु लाखमा) |
|---|---|---|---|
| १ | स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना | १ संख्या | ३० |
| २ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | २ संख्या | १० |
| ३ | तरकारी क्षेत्र विस्तार | ४०० हेक्टर | १२० |
| ४ | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग-४ संख्या | ४ हेक्टर | ४० |
| ५ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | १ पटक | ५ |
| ६ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | १ पटक | १० |
| ७ | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | १ पटक | १२ |
| ८ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ पटक | २० |
| ९ | गत बर्ष विस्तार भएका क्षेत्र र नयाँ विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण | ३० संख्या | ४५ |
| १० | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | २ संख्या | २४ |
| ११ | सौर्य उर्जामा आधारित सिंचाई प्रणाली जडान | ५ संख्या | २५ |
| १२ | अस्थायी प्लाष्टिक घर निर्माण | १५० संख्या | ९० |

नोटः उपरोक्त कार्यक्रमहरु संचालन गर्दा तरकारी सुपरजोनको उद्देश्यलाई मेल खानेगरी पोखरा महानगरपालिका क्षेत्रलाई प्राथमिकता दिई आसपासको स्थानीय तहहरुको एउटै कलष्टर वा कोरिडरमा संचालन गर्न सकिनेछ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) रु १०को हुलाकको टिकट सहितको निवेदन

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नं र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(३) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को विवरण वा भाडाको जग्गा भएमा कम्तिमा ५वर्षको सम्झौतानामा।

(४) निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(५) कृषि समूह/सहकारी/संस्था/समितिको कार्यक्रम माग सम्बन्धि सो संस्थाले गरेको निर्णयको प्रतिलिपि।

(६) सम्बन्धित वडा कार्यालय/कृषि शाखाको सिफारिस पत्र।

(७) कार्यालयले उपलब्ध गराएको फाराम अनुसारको प्रस्ताव ।

## सुचिकृत हुन पेश गर्नुपर्ने कागजात:

(१) रु १०को हुलाक टिकट सहितको निवेदन

(२) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि

(३) कृषि समूह/सहकारी/संस्था/समिति र उधमी कृषकको संस्था/उद्यम दर्ता, नवीकरण, स्थायी लेखा नम्बर र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(४) कम्तिमा ३ रोपनि जग्गामा व्यवसायिक तरकारी खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि (जग्गा भाडामा लिएको भए जग्गा धनिसंग कम्तिमा ५ बर्षको लागि सम्झौता भएको प्रमाणको प्रतिलिपि

(५) सम्बन्धित वडा कार्यालय/कृषि शाखाको सिफारिस पत्र

नोटः सुचिकृत हुनका लागी तरकारी सुपरजोनको उद्देश्यलाई मेल खानेगरी पोखरा महानगरपालिका क्षेत्रलाई प्राथमिकता दिई आसपासको स्थानीय तहहरुको एउटै कलष्टर वा कोरिडरमा संचालन गर्न सकिने भएकाले उक्त स्थानका कृषि समूह/सहकारी/संस्था/समितिलाई समेटिनेछ।

थप जानकारीको लागि

सम्पर्क: ०६१-४६२४८८,०६१-४६७४४३,९८५६००७१०१

अडियो नोटिस बोर्ड सेवा:१६१८०६१४६२४८८

इमेल:pmamp.piu.kaski@gmail.com

वेभ पेज:www.kaski4.pmamp.gov.np

बरिष्ठ कृषि अधिकृ